श्री साल्पाटा आधारभूत विद्यालय

मंगलसेन न.पा.-१३ साल्पाटा बस्ती, अछाम

स्थापित : २०४९

पत्र संख्या :२०८३/०८४

चलानी नम्वर : १२

मिति :२०८३/०६/१६

श्री सम्वन्धित सवै ।

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धि सूचना ।

प्रस्तुत विषयमा यस श्री साल्पाटा आधारभूत विद्यालय मंगलसेन नगरपालिका-१३ साल्पाटा अछामको मिति २०८३/०६/१४ गतेको वि.व्य.सको निर्णय र शिक्षा यूवा तथा खेदकुद शाखा मंगलसेन अछामको चलानी नं. ३४ मिति २०८३/०६/१६ गतेको शिक्षक सरुवा अनुमति पत्र अनुसार प्राथमिक तह तृतीय श्रेणीको शिक्षक पद रिक्त रहेको हुदा उक्त रिक्त पद सरुवा प्रक्रिया वाट पूर्ति गर्नुपर्ने भएकाले सम्वन्धित तह र श्रेणीका योग्यता पुगेका स्थायी शिक्षकहरु वाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) को अनुसूची १७ वमोजिमको ढाँचामा आवश्यक कागजात सहित आवेदन पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

पेश गर्नुपर्ने कागजातहरु :

१. सरुवाका लागी निवेदन ।

२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

३. आफ्नो सेवा अवधी खुल्ने कागजात ।

४. स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।

५. शैक्षिक योग्यता तथा तालिमका प्रमाण पत्रहरुको प्रतिलिपी ।

६. सम्वन्धित विद्यालय र स्थानिय तहको सहमति पत्र ।

७. हाल कार्यरत विद्यालय तथा स्थानिय तहमा सो पदमा सुरुमा हाजिर भएको पत्र ।

८. असाधरण तथा वेतलवी विदा लिए/नलिएको सम्वन्धी कागजात ।

९. शिक्षा नियमावली २०५९ को अनुसूची १७ वमोजिमको फारम ।

१०. शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) वमोजिम प्रथामिकता दावी गर्ने प्रमाण तथा कागजातहरु (आवश्यक भएमा)

११. सम्वन्धित शिक्षा विकास तथा समन्वय एकाईको सहमति पत्र (जिल्ला अन्तर सरुवा हुनेको हकमा) ।

नोटः तोकिएको म्याद भित्र विद्यालयमा सम्पर्क नं. ९८६६७५४६६० मा सम्पर्क गरी निवेदन दिन वा विद्यालयको ईमेल ठेगाना **salpata.basti@gmail.com** मा तोकिएको म्याद भित्र आवश्यक कागजात सहित **PDF** फाईलमा निवेदन पठाउन सकिने छ ।

उल्लेखित अवधी भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३) तथा प्रचलित कानुन वमोजिम मुल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी वढाईने छ ।

तोकिएको म्याद नाघी वा तोकिए वमोजिमको रीत नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कार्वाही गरिने छैन ।

बोधार्थ

१. शिक्षा विकास तथा समन्वय एकाइ, मंगलसेन, अछाम ।

२. शिक्षा यूवा तथा खेलकुद शाखा, मंगलसेन नगरपालिका, अछाम ।

सोम प्रसाद थारु

प्रधानाध्यापक

प्रधानाध्यापक

२०८३/०६/१६